१५. नेपाल सरकारसँग सम्पर्क : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१६. नियम बनाउने अधिकार : (१) यस आदेशको कार्यान्वयनको लागि समितिले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाईएको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

सूचना २२

## सल्यान अस्पताल विकास समिति (गठन) आदेश, २०६९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "सल्यान अस्पताल विकास समिति (गठन) आदेश, २०६९" रहेकोछ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अस्पताल" भन्नाले सल्यान अस्पताल सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र समितिको सदस्य-सचिव समेतलाई जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठन गरिएको सल्यान अस्पताल विकास समिति सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०२४

३. समितिको गठन : (१) सल्यान अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने काम समेतको लागि सल्यान अस्पताल विकास समिति नामको एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) अस्पताल रहेको क्षेत्रको सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष -सदस्य

(ग) जिल्ला विकास समिति, सल्यानको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) जिल्ला प्रशासन कार्यालय, सल्यानको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ङ) जिल्ला उद्योग बाणिज्य संघ, सल्यानको सभापति -सदस्य

(च) जिल्ला रेडक्रस सोसाइटी, सल्यानको अध्यक्ष -सदस्य

(छ) अस्पताल रहेको क्षेत्रको गाउँ विकास समितिको सम्बन्धित वडाका महिलाहरुमध्ये समितिबाट मनोनीत एकजना -सदस्य

(ज) स्वास्थ्य सेवामा संलग्न महिलाहरुमध्ये समितिबाट मनोनीत एकजना -सदस्य

(झ) अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट -सदस्य-सचिव

(३) समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।



१०३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) अस्पतालको लागि आवश्यक श्रोत तथा साधनको व्यवस्था गर्ने,

(ग) अस्पतालको बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने,

(घ) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(ङ) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(च) आर्थिक रुपमा असहाय तथा असक्षम मानिने विरामी सम्बन्धी मापदण्ड तयार गर्ने,

(छ) आर्थिक रुपमा असहाय तथा असक्षम मानिने विरामीको लागि निःशुल्क उपचारको व्यवस्था गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने ।

५. समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक आवश्कतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने बिषय सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०३८

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा नेपाल सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>अस्पताल प्रमुख</u> : अस्पतालको मेडिकल सुपरिटेण्डेण्डले समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

७. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिमा आवश्यक संख्यामा कर्मचारी नियुक्त नभएसम्म समितिले मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका कर्मचारीलाई समितिको काममा लगाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम खटिएका कर्मचारीको सेवा, शर्त र सुविधा सम्वन्धी व्यवस्था निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम हुनेछ र समितिले आफ्नै श्रोतबाट व्यहोर्ने गरी त्यस्ता कर्मचारीलाई थप सुविधा दिन सक्नेछ ।

(५) समितिले नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी आफ्नै श्रोतबाट तोकिए बमोजिम खुल्ला प्रतियोगिताद्वारा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(६) समितिका कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. समितिको कोष : (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) समितिले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदशी सरकार, संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋृण स्वरुप प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहेको रकम नेपाल भित्रको कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको सञ्चालन समितिको सदस्य-सचिव र लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०३३

९. सम्बन्धित कार्यको लागि रकम खर्च गर्नु पर्ने : समितिले नेपाल सरकार बाट जुन कामको लागि रकम प्राप्त भएको छ सोही काममा मात्र खर्च गर्नु पर्नेछ ।

१०. लेखा र लेखा परीक्षण : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण मान्यता प्राप्त लेखा परीक्षकहरुमध्येबाट समितिले तोकेकोलेखा परीक्षकले गर्नेछ ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. बैठक भत्ता : समितिका सदस्यहरुले बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको स्वीकृति लिई मन्त्रालयले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

१२. बार्षिक प्रतिवेदन पेश गर्ने : समितिले बर्षभरिमा आफुले गरेको काम कारबाहीको प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१३. अधिकार प्रत्यायोजन: समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. निर्देशन दिने : (१) मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।



१०३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।